सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

# कृषकसँग कृषि विद्यार्थी कार्यक्रम सञ्चालन प्रक्रिया, २०७६

**प्रस्तावनाः** कृषि तथा पशु विषय अध्ययन गरिरहेका शिक्षित जनशक्तिलाई कृषि पेशामा व्यावसायीकरण तथा आधुनिकीकरण तर्फ उन्मुख बनाई कृषि पेशा तर्फ आकर्षित गरी उद्यमशीलता विकास गराउने र त्यसका माध्यमबाट स्वरोजगार सिर्जना गर्न, पढ्दै कमाउदै अभियानका लागि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा मातहतको निकायको स्वीकृत वार्षिक कार्यक्रमलाई प्रभावकारी तथा व्यवस्थित रुपमा सञ्चालन गर्न, प्रदेश नं. ५ को अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को दफा ४ को उपदफा (१) अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"कृषकसँग कृषि विद्यार्थी कार्यक्रम सञ्चालन प्रक्रिया** २०७६" स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद –१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः(१) यस कार्यक्रम सञ्चालन प्रक्रियाको नाम **"कृषकसँग कृषि विद्यार्थी कार्यक्रम सञ्चालन प्रक्रिया २०७६"** रहेको छ।

(२) यो कार्यक्रम सञ्चालन प्रक्रिया तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन प्रक्रियामा :

(क) **"अनुदानग्राही वा प्रस्तावक"** भन्नाले कृषि तथा पशुपन्छी विषयमा जे.टी., जे.टी.ए., प्रवीणता र स्नातक तह अध्यापन गराईरहेका र युवाहरूलाई उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नको लागि छनौट भएका प्रस्तावक प्राविधिक धारका विद्यालयहरुलाई सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले कार्यक्रम सञ्चालन गर्न अख्तियार प्राप्त मन्त्रालय मातहतको निकाय सम्झनु पर्छ।

(ग) **"मन्त्रालय"** भन्नाले प्रदेश नं ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) **"विज्ञ केन्द्र"**भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले दफा ४ को उपदफा (१) बमोजिम गठन भएको कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्छ।

(च) **"ज्ञान केन्द्र"** भन्नाले कार्यक्रम सञ्चालन हुने गाउँ कार्यक्षेत्र भएको कृषि ज्ञान केन्द्रलाई सम्झनु पर्छ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

३. <u>कार्यक्रमको उद्देश्य:</u> यो कार्यक्रमको उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) कृषि विषय पढेका जनशक्तिलाई कृषि पेशामा आकर्षण गर्दै स्वरोजगारको अवस्था श्रृजना गर्ने,

(ख) कृषि क्षेत्रमा दक्ष जनशक्तिको सहभागीता बढाई आयआर्जन बृद्धि गर्ने,

(ग) शिक्षित युवाको विदेश पलायन हुने प्रवित्तिलाई न्यूनीकरण गर्दै लैजाने, र

(घ) आधुनिक तथा व्यावसायिक कृषि प्रवर्द्धनमा टेवा पुऱ्याउने।

## परिच्छेद-२

## समिति सम्बन्धी व्यवस्था

४. <u>समिति सम्बन्धी व्यवस्था:</u> (१) कार्यक्रम सञ्चालन गर्नको लागि देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समितिको गठन हुनेछ :-

| | |
|---|---|
| (क) प्रमुख, सम्बन्धित कार्यालय | -अध्यक्ष |
| (ख) कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित महाशाखा/शाखा | - सदस्य |
| (ग) प्रदेश कोष नियन्त्रक कार्यालय/को.ले.नि.का. प्रतिनिधि | - सदस्य |
| (घ) लेखा प्रशासन प्रमुख वा प्रतिनिधि, | - सदस्य |
| (ङ) शाखा प्रमुख वा अधिकृत, योजना हेर्ने शाखा | - सदस्य सचिव |

(२) कार्यक्रमको विषयगत क्षेत्रको आधारमा समितिको बैठकको अध्यक्षता र सञ्चालन सम्बन्धित निर्देशनालयले गर्नु पर्नेछ।

(३) समितिले आवश्यकता अनुसार बढीमा २ जनासम्म आमन्त्रित सदस्य बोलाउन सक्नेछ।

५. <u>कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार</u>: कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) कार्यक्रम सञ्चालनको लागि आवश्यक फर्मेट/प्रस्तावना/आशयपत्र/ मूल्यांकनका आधार तथा आवश्यक मापदण्डहरु स्वीकृत गरी कार्यान्वयन गराउने,

(ख) कार्यक्रमको प्रस्ताव आह्वानको सूचनाको ढाँचा तयार गर्ने र सूचना प्रकाशन गर्ने निर्णय गर्ने,

(ग) कार्यक्रमको उद्देश्य अनुरुप सञ्चालन गर्न र कार्यक्रम तथा बजेट अनुदान वितरणलाई व्यवस्थित र प्रभावकारी बनाउन आवश्यक कार्य गर्नुका साथै आवश्यकता अनुसार अन्य उपसमिति पनि गठन गर्ने,

सचिव

मा. आरती पौडेल
मन्त्री

(घ) दर्ता भएका प्रस्तावहरुले आवश्यक न्यूनतम आधारहरु पूरा गरेको/नगरेको यकिन गर्ने/गराउने,

(ङ) कार्यक्रम सञ्चालनका लागि सम्भावित अनुदानग्राहीको छनौटको लागि आवश्यक स्थलगत निरीक्षण गर्ने/गराउने

(च) स्वीकृत बजेटको परिधिभित्र रही सम्झौता-पत्र तयार गर्ने,

(छ) प्रस्तावकहरुले प्रस्ताव गरेको कार्ययोजनालाई आवश्यकता भए प्रस्तावकको सहमतिमा परिमार्जन सहित अन्तिम रूप दिने, र

(ज) कार्यक्रमको सुपरीवेक्षण र अनुगमनमा आवश्यकता अनुसार सहयोग गर्ने।

## परिच्छेद-४

## सञ्चालन प्रक्रिया र अनुदान प्रवाह

६. **कार्यक्रम सञ्चालन प्रक्रिया**: (१) यो कार्यक्रम बजेट व्यवस्था भएअनुसार मन्त्रालय मातहतको कार्यलयले सम्बद्ध अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउनेछ।

(२) कार्यालयले विद्यार्थीलाई कृषक/कृषक समूह/सहकारी/फर्म/कम्पनिहरुसँग रहेर वा स्वतन्त्र रुपमा कृषि/पशुपन्छी उत्पादन गर्ने कार्य गरी पढ्दै कमाउदै अभियान सञ्चालन गर्न इच्छुक कृषि/पशुपन्छी विषयमा जे.टि.ए., जे.टि. प्रविणता तथा स्नातक तहसम्म पठनपाठन हुने प्राविधिकधारका विद्यालयहरुका लागि समितिबाट स्वीकृत भएको ढाँचामा १५ दिनको म्याद दिई आशय-पत्र माग गर्नेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिले आशय पत्रको मूल्यांकन गरी सम्बन्धित विद्यालयलाई विस्तृत कार्ययोजना सहितको प्रस्तावना पेश गर्न ७ दिनको म्याद दिई पत्राचार गर्नेछ।

(४) स्वीकृत मापदण्डको आधारमा समितिबाट सिफारिस तथा छनौट भएका प्रस्तवकसँग सम्झौता प्रक्रिया अघि बढाईनेछ।

(५) सम्बन्धित प्रस्तावक विद्यालयले तोकिएको ढाँचामा प्रस्ताव तयार गरी विस्तृत कार्ययोजना पेश गर्नु पर्नेछ। यसरी प्रस्ताव तयार गर्दा विद्यालयले के कति विद्यार्थीलाई के कस्तो परियोजना सञ्चालन गर्न सहयोग गर्ने हो सो को विस्तृत व्यावसायिक योजना बनाउन सघाउनु पर्नेछ र यस्तो परियोजनामा विद्यार्थीलाई सहभागी गराउन सम्बन्धित अभिभावकको समेत स्वीकृति लिनु पर्नेछ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

प्रा. आरती पौडेल
मन्त्री

(६) छनौट भएका विद्यालयले वार्षिक व्यावसायिक योजना स्वीकृत गरी परियोजना कार्यान्वयन गर्ने र परियोजना कार्यन्वयनबाट प्राप्त हुने आम्दानीको न्यूनतम ७५ प्रतिशत मुनाफा कार्य गर्ने विद्यार्थीले प्राप्त गर्ने गरी आम्दानीको बाँडफाँड गर्नु पर्नेछ।

(७) यसरी पेश हुन आएका प्रस्तावहरु कार्यक्रम व्यवस्थापन समितिबाट मूल्याकंन भई योग्य प्रस्तावकहरु कार्यक्रम सञ्चालनका लागी छनौट गरिनेछ।

(८) छनौट भएका प्रस्तावकहरूले तोकिएको समयभित्र सम्झौता गर्न नआएमा प्राथमिकता क्रममा रहेका प्रस्तवकलाई सम्झौता गरी अनुदान रकम प्रवाह गर्न सकिनेछ।

७. <u>अनुदान प्रवाह विधिः</u> (१) समितिको सिफारिसको आधारमा विद्यार्थिहरुको संलग्नतामा सञ्चालन हुने कार्यक्रमका लागि प्रति विद्यालयलाई बढिमा रु. १० (दश) लाख रकम अनुदानका रुपमा उपलब्ध गराईनेछ। यसरी उपलब्ध हुने रकम ४ वर्षसम्म परिचालन गर्नु पर्नेछ।

(२) सम्झौतामा उल्लेख गरी कार्यालयले छनौट भएका विद्यालयलाई अनुदान परिचालनका लागि एकमुष्ट रकम भुक्तानी गर्न सक्नेछ।

(३) यसरी प्राप्त रकमको परिचालन, लेखापरीक्षण र व्यवस्थापनको जिम्मेवारी सम्बन्धित विद्यालयको हुनेछ।

(४) लगातार ४ वर्षसम्म सन्तोषजनक उपलब्धि हासिल गर्ने गरी विद्यालयले उक्त उपलब्ध भएको रकम परिचालन नगरेको वा हिनामिना तथा दुरुपयोग गरेको पाईएमा सम्बन्धित विद्यालयबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

तर विपद् र प्राकृतिक प्रकोपको अवस्थामा भने यो उपदफा लागू हुने छैन।

(५) अनुदान प्राप्त गर्ने विद्यालयले आफ्ना विद्यार्थीहरुलाई उत्पादनमूलक कार्यमा यस्तो रकम सापटीको रुपमा उपलब्ध गराउनेछन् र यस्तो सापटी रकम विद्यार्थीहरुले विद्यालयको प्रत्यक्ष निगरानीमा तपिसल अनुसारको कार्यमा प्रयोग गर्न सक्नेछन :-

(क) उत्पादन सामग्री
(ख) पूर्वाधार विकास
(ग) प्रविधि र मेसिनरी
(घ) बजारीकरण, क्षमता अभिवृद्धि, आदी

## परिच्छेद–६

## <u>अनुगमन र समन्वय</u>

८. <u>अनुगमन तथा मूल्याङ्कनः</u>(१) मन्त्रालय, निर्देशनालय, प्रदेश सरकारका सरोकारवाला कार्यालय र सम्बन्धित स्थानीय तहले चार वर्षसम्म नियमित रुपमा अनुदान प्राप्त संस्थाको संयुक्त वा छुट्टा छुट्टै अनुगमन तथा मूल्याङ्कन गर्नेछ।



सचिव

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

मा. आरती पौडेल
मन्त्री

(२) अनुदानग्राहीहरुले नियमित चौमासिक रुपमा रकम खर्च तथा प्रगति विवरण तोकिएको कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन विद्यालयले सुरक्षित राखु पर्नेछ।

९. समन्वयः कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न कार्यालयले नेपाल सरकार तथा प्रदेश सरकारका सरोकारवाला निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-७

## विविध

१०. सार्वजनिक परीक्षण : यस कार्यविधि बमोजिम कार्यक्रम सम्पन्न भएपछि अनुदानग्राहीले स्थानीय तहका प्रतिनिधिहरु, सरोकारवाला निकाय तथा कार्यक्रमबाट प्रभावित जनसमुदायलाई कार्यक्रम सञ्चालन भएका स्थानमा भेला गराई कार्यक्रमको आम्दानी तथा खर्च, निर्मित संरचना र खरिद गरिएको वस्तुको सार्वजनिकीकरण गर्नु पर्नेछ।

११. कारवाहीको व्यवस्था: कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एव प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

१२. बाधा अड्चन फुकाउः यो कार्यक्रम सञ्चालन प्रक्रिया कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो को निरुपण प्रचलित कानून बमोजिम हुनेछ। यस सन्दर्भमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१३. संशोधन तथा हेरफेर : मन्त्रालयले आवश्यकता अनुसार यस कार्यक्रम सञ्चालन प्रक्रियामा संशोधन तथा हेरफेर गर्न सक्नेछ।

सचिव